## ५९ औं कार्यपालिका बैठक

आज मिति २०७६ साल फागुन १८ गते आइतवारका दिन यस गाउंपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १९. | श्री लक्ष्मण मैनाली | अधिकृत छैठौं | |
| २० | श्री ध्रुव बानियाँ | कार्यालय सहयोगी | |

**छलफल तथा प्रस्तावका विषयहरु:**

१. प्रदेश समपुरक तथा विशेष अनुदानको लागि योजना छनौट सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाइको मिति तय गर्ने सम्बन्धमा ।

३. अतिरिक्त समय कामकाजको भत्ता सम्बन्धमा ।

४. योजना अनुगमन भत्ता सम्बन्धमा ।

५. कार्यविधि, तथा नियमावली स्वीकृत गर्ने सम्बन्धमा ।

(क) अविवाहित (४० बर्ष पुराभएका) महिला भत्ता व्यवस्थापन तथा संचालन कार्यविधि, २०७६

(ख) गंगाजमुना जलस्रोत नियमावली, २०७६

६. स्वीकृत योजना तथा कार्यक्रम सम्पन्नताको समय सीमा तोक्ने सम्बन्धमा ।

७. विविध

बल बहादुर
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घुसरबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

**निर्णय नं. १**

आ.व.०७७/७८ का लागि वागमती प्रदेश भित्रका सबै स्थानीय तहहरुमा समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/ कार्यक्रम प्रस्ताव पेश गर्न भनी मिति २०७६/११/१४ मा सूचना प्रकाशन मार्फत आव्हान गरेको सन्दर्भमा समपुरक र विशेष अनुदानका लागि देहायका योजनाहरु माग गर्ने निर्णय गरियो ।

**समपुरक अनुदान माग गर्ने योजना/कार्यक्रमः**

१. बुढाथुमबेसी- सुकौरा- ओडारे- खिरवोटे सडक

**विशेष अनुदान माग गर्ने योजना/कार्यक्रमः**

१. लताव धुसेनी खानेपानी योजना, वडा नं. २

**निर्णय नं. २**

गंगाजमुना गाउँपालिका लगायत यस अर्न्तगतका विभिन्न सेवाप्रदायक कार्यालयका प्रतिनिधि र स्थानीय जनताका बीचमा नियमित रूपमा दोहोरो सम्वाद स्थापित गरी जनतालाई गाउँपालिकाको विकास प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराएर सेवाप्रदायक कार्यालयहरूमा पारदर्शिता र जवाफदेहीताको प्रभावकारी अभ्यास मार्फत सेवा प्रवाहलाई थप सुदृढ गर्नका लागि पुर्निमा परियोजनाको समन्वयमा गाउँपालिकाले यही **मिति २०७६ साल चैत्र ६ गते विहिवार** सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गाउँ कार्यपालिकाको कार्यालयमा कार्यबोझको कारणले गर्दा विकास निर्माण, योजना तथा कार्यक्रम लगायत अन्य सार्वजनिक सेवा प्रवाह सम्वन्धी कार्यहरु समयमै सम्पादन गर्नका लागि कार्यालयं समयका अतिरिक्त विहान, वेलुकाको समयमा पनि कामकाज गर्नुपर्ने भएको हुँदा उक्त कार्यालय समय बाहेकको समयमा कार्यालयमा कामकाज गरे वापत हाजिरी रेकर्डको आधारमा अतिरिक्त समय कामगरेको दिन मात्र प्रति व्यक्ति देहाय बमोजिम अतिरिक्त समय कामकाज भत्ता निर्णय भएको मिति देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिलः**

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | रु ७००/- (अक्षरेपी सातसय मात्र) |
| (ख) अधिकृत स्तर (सातौं/छैठौं) | रु ६००/- (अक्षरेपी छसय मात्र) |
| (ग) सहायक स्तर (पाँचौं/चौथौं) | रु ५००/- (अक्षरेपी पाँचसय मात्र) |
| (घ) कार्यालय सहयोगी | रु ४००/- (अक्षरेपी चारसय मात्र) |

**निर्णय नं. ४**

गाउँपालिकाको स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी नतिजामुलक विकासमा जोड दिनका लागि गठित गाउँपालिका र वडा स्तरीय योजना तथा कार्यक्रम अनुगमन निरीक्षण समितिले योजना तथा कार्यक्रम अनुगमन गरे वापत एक पटकमा कम्तीमा तीन वटा योजना तथा कार्यक्रम अनुगमनको देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रु १०००/- (अक्षरेपी एक हजार मात्र) का दरले सोही योजना तथा कार्यक्रमको कन्टीजेन्सी रकमबाट भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**शर्तहरु:**

(१) एक पटकमा कम्तीमा पनि ३ वटा योजनाहरुको अनुगमन गरेको हुनुपर्नेछ । तर एकै पटक तीन वटा योजनाहरु अनुगमनका लागि नभएमा पटक पटक गरी अनुगमन गर्न सकिनेछ ।

(२) अनुगमन गर्दा तोकिएको वडा तथा पालिकास्तरीय अनुगमन समितिका पदाधिकारीहरुको उपस्थिति हुनु पर्दछ ।

(३) समितिका पदाधिकारीहरुबाट प्रत्येक योजना तथा कार्यक्रममा स्थलगत अनुगमन गरेको अवस्थाको फोटो समावेश भएको हुनुपर्नेछ ।

(४) प्रत्येक योजनाको तोकिएको ढाँचामा छुट्टा छुट्टै प्रतिवेदन तथा माइन्यूट पेश गर्नुपर्नेछ ।

**निर्णय नं. ५**

विद्यान समितिबाट पेश हुन आएका देहाय बमोजिमका कार्यविधि तथा नियमावली स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

(क) अविवाहित (४० बर्ष पुराभएका) महिला भत्ता व्यवस्थापन तथा संचालन कार्यविधि, २०७६

(ख) गंगाजमुना जलस्रोत नियमावली, २०७६

(ग) करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७६ (संशोधन)

**निर्णय नं. ६**

आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम निर्माणका लागि पर्याप्त छलफल गरी प्रभावकारी योजना तथा कार्यक्रम तर्जुमा गर्नका लागि आ.व. ०७६/७७ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन समयमै सम्पन्न गर्नुपर्ने भएकोले उपभोक्ता समितिबाट कार्यान्वयन हुने र भएका योजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी **मिति २०७६ जेष्ठ १५ गते** भित्र सम्ममा गर्ने समय सीमा तोक्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

अध्यक्ष

**विविध:**

(क) **एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि, २०७६** को दफा २५ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकामा देहायका पदाधिकारीहरु रहने गरी एक **विद्यालय स्वास्थ्य समन्वय समिति** गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | | |
|---|---|---|
| (क) | श्री ~~भक्त बहादुर लामिछाने~~ बाबुराम स्याँवाले, सामाजिक विकास समिति | संयोजक |
| (ख) | श्री ज्ञानेन्द्र बहादुर कार्की, मण्डली मा.वि. | सदस्य |
| (ग) | श्री सदिक्षा तामाङ, नर्स | सदस्य |
| (घ) | श्री सुनिता खतिवडा, शिक्षा अधिकृत | सदस्य |
| (ङ) | श्री दिपक अधिकारी, स्वास्थ्य संयोजक | सदस्य- सचिव |

(ख) गंगाजमुना गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँखुखोलाको आ.व. ०७४/०७५ मा ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खन्न गर्ने कार्य अमानतबाट गर्ने गरी ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खन्न गर्ने प्रति व्यक्तिलाई (३ जना) मासिक रु २०,०००/- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने भनी कार्यपालिकाको मिति २०७४/०७/१३ को निर्णय भएको तर उक्त आर्थिक वर्षमा सो वापत संकलन भएको रकम कार्यालयको खातामा दाखिला हुन बाँकी रहेकोले कामदारहरुको २०७४ असोज देखि २०७५ असार मसान्तसम्मको मासिक पारिश्रमिक भुक्तानी हुन बाँकी रहेको हुँदा आ.व. ०७६/०७७ मा ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खन्न वापतको दाखिला गर्नु पर्ने रकम रु ११,८८,३०५/- (अक्षरेपी एघार लाख अठासी हजार तीनसय पाँच रुपैया मात्र) गाउँपालिकाको संचित खातामा दाखिला हुन आएकोले सोही रकमबाट उक्त समयमा कार्यालयले राजश्व संकलन गर्नको लागि खटाएको कर्मचारी श्री तेज कुमार सिंखडाले निजहरुलाई पारिश्रमिक बुझाई भर्पाई राखेको हुँदा उक्त भर्पाईको आधारमा निजको नाममा भुक्तानी हुन बाँकी रहेको रकम रु ६,००,०००/- (अक्षरेपी छ लाख मात्र) भुक्तानी दिने निर्णय गरियो ।

बल बहादुर अधिकारी
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल